वीरेन्द्रनगर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर, सुर्खेत

## मिति २०७८/०४/१५ गतेको ११७ औ कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं. १.** यस अघिका कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन अवस्था बारे बैठकलाई जानकारी गरियो ।

**निर्णय नं. २.** (क) वीरेन्द्रनगर नगरपालिकाको स्थानीय सेवा ऐन (प्रथम संशोधन),२०७७ बमोजिम कर्मचारी स्तर वृद्धिका लागि मिति २०७८।०३।२२ गते जारी सूचना अनुसार तोकिएको अवधिभित्र दरखास्त पेश गर्ने कर्मचारीहरुको सोही ऐनको दफा (३२) बमोजिमको बढुवा तथा स्तर वृद्धि समितिको मिति २०७८।०४।०६ गतेको सिफारिस बमोजिम मापदण्ड पूरा भएका देहाय अनुसारका ४१ जना कर्मचारीहरुको मिति २०७८।०४।१५ गते देखी लागू हुने गरी स्थानीय सेवा ऐन (प्रथम संशोधन),२०७७ दफा (३१) बमोजिम स्तर वृद्धि गर्ने निर्णय गरियो ।

**देहाय**

न्युनतम शैक्षिक योग्यता पुरा भएका उमेद्वारहरुको अनुभव र योग्यता समेतका आधारमा वरिष्ठता निर्धारण सहितको विवरण

| क्र स | कर्मचारीको नाम थर | हालको पद तथा तह | | कायम हुने पद तथा तह | |
|---|---|---|---|---|---|
| | **तह ७ वाट ८ मा स्तर वृद्धिहुने कर्मचारीको विवरण** | | | | |
| १ | प्रकाश पौडेल | वरिष्ठ अधिकृत | अधिकृत स्तर सातौं | अधिकृत | अधिकृत स्तर आठौं |
| | **तह ६ वाट ७ मा स्तर वृद्धिहुने कर्मचारीको विवरण** | | | | |
| १ | टंक प्रकाश लामिछाने | अधिकृत | अधिकृत स्तर छैठौं | अधिकृत | अधिकृत स्तर सातौं |
| २ | दिपेन सुवेदी | प्रशासकीय अधिकृत | अधिकृत स्तर छैठौं | अधिकृत | अधिकृत स्तर सातौं |
| ३ | विशाल अधिकारी | इन्जिनियर | अधिकृत स्तर छैठौं | इन्जिनियर | अधिकृत स्तर सातौं |
| | **तह ५ वाट ६ मा स्तर वृद्धिहुने कर्मचारीको विवरण** | | | | |
| १ | तेज वहादुर शाही | ओभरसियर | सहायक स्तर पाचौं | अधिकृत (ई.) | अधिकृत स्तर छैठौं |
| २ | धन बहादुर खत्री | कम्प्युटर अपरेटर | सहायक स्तर पाचौं | अधिकृत | अधिकृत स्तर छैठौं |
| ३ | खगेन्द्र प्रसाद आचार्य | सहायक | सहायक स्तर पाचौं | अधिकृत | अधिकृत स्तर छैठौं |
| ४ | हृदयराम ढकाल | सहायक स्तर पाचौं | सहायक स्तर पाचौं | अधिकृत | अधिकृत स्तर छैठौं |
| ५ | पुष्प केशर खनाल | आ ले प सहायक | सहायक स्तर पाचौं | अधिकृत (आ.ले.प) | अधिकृत स्तर छैठौं |
| ६ | टेक वहादुर जि सि | पशु सेवा प्राविधिक | सहायक स्तर पाचौं | अधिकृत (भेट) | अधिकृत स्तर छैठौं |
| ७ | देव प्रसाद मुलेल | सहायक स्तर पाचौं | सहायक स्तर पाचौं | अधिकृत | अधिकृत स्तर छैठौं |
| ८ | टिका थानी | वरिष्ठ प्रशासन सहायक | सहायक स्तर पाचौं | अधिकृत | अधिकृत स्तर छैठौं |
| ९ | मान कुमारी विष्ट | प्राविधिक सहायक | सहायक स्तर पाचौं | अधिकृत (कृषि) | अधिकृत स्तर छैठौं |
| १० | कल्पना लामा | महिला विकास निरीक्षक | सहायक स्तर पाचौं | अधिकृत | अधिकृत स्तर छैठौं |
| ११ | हेमराज के.सी. | प्राविधिक सहायक | सहायक स्तर पाचौं | अधिकृत (कृषि) | अधिकृत स्तर छैठौं |
| १२ | खगिसरा घिमिरे | सहायक पाचौं | सहायक स्तर पाचौं | अधिकृत | अधिकृत स्तर छैठौं |

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

देव कुमार सुवेदी
नगर प्रमुख

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | प्रविन्ता कुमारी वस्नेत | महिला विकास निरीक्षक | सहायक स्तर पाचौं | अधिकृत | अधिकृत स्तर छैठौं |
| १४ | लोक वहादुर के सि | सहायक स्तर पाचौं | सहायक स्तर पाचौं | अधिकृत | अधिकृत स्तर छैठौं |
| १५ | खड्ग वहादुर के सि | सहायक स्तर पाचौं | सहायक स्तर पाचौं | अधिकृत | अधिकृत स्तर छैठौं |
| १६ | यामलाल गिरी | वरिष्ट प्रशासन सहायक | सहायक स्तर पाचौं | अधिकृत | अधिकृत स्तर छैठौं |
| १७ | वन्दना पौडेल | सहायक स्तर पाचौं | सहायक स्तर पाचौं | अधिकृत | अधिकृत स्तर छैठौं |
| १८ | विष्णु प्रसाद आचार्य | सहायक स्तर पाचौं | सहायक स्तर पाचौं | अधिकृत | अधिकृत स्तर छैठौं |
| | **तह ४ वाट ५ मा स्तर वृद्धिहुने कर्मचारीको विवरण** | | | | |
| १ | दीर्घराज पोख्रेल | सह लेखापाल | सहायक स्तर चौथो | सहायक (लेखा) | सहायक स्तर पाचौं |
| २ | सुजता कुमारी थापा | सहायक स्तर चौथो | सहायक स्तर चौथो | सहायक | सहायक स्तर पाचौं |
| ३ | तस्विर वि क | सहायक स्तर चौथो | सहायक स्तर चौथो | सहायक | सहायक स्तर पाचौं |
| ४ | कल वहादुर थारु | नगर नियमन कर्ता | सहायक स्तर चौथो | सहायक | सहायक स्तर पाचौं |
| ५ | लक्ष्मि कुमारी थापा | प्रशासन सहायक | सहायक स्तर चौथो | सहायक | सहायक स्तर पाचौं |
| ६ | प्रमोद कुमार खड्का | नायव पशु स्वास्थ्य प्राविधिक | सहायक स्तर चौथो | सहायक (भेट) | सहायक स्तर पाचौं |
| ७ | उत्तम अधिकारी | सहायक स्तर चौथो | सहायक स्तर चौथो | सहायक | सहायक स्तर पाचौं |
| ८ | मनोज पौडेल | प्रशासन सहायक | सहायक स्तर चौथो | सहायक | सहायक स्तर पाचौं |
| ९ | टेक वहादुर वि सि | प्रशासन सहायक | सहायक स्तर चौथो | सहायक | सहायक स्तर पाचौं |
| १० | भिम वहादुर खड्का | प्रशासन सहायक | सहायक स्तर चौथो | सहायक | सहायक स्तर पाचौं |
| ११ | विनिता ढुङ्गाना | सहायक स्तर चौथो | सहायक स्तर चौथो | सहायक | सहायक स्तर पाचौं |
| १२ | सर्वजित वलि | प्रशासन सहायक | सहायक स्तर चौथो | सहायक | सहायक स्तर पाचौं |
| | **न्युनतम शैक्षिक योग्यता पुरा नभएका तर सेवा अवधि १० वर्ष भन्दा वढि भएका उमेद्वारहरुको अनुभव र योग्यता समेतका आधारमा वरिष्ठता निर्धारण सहितको विवरण** | | | | |
| | **तह ५ वाट ६ मा स्तर वृद्धिहुने कर्मचारीको विवरण** | | | | |
| १ | उमादेवि शाही (सिंह) | सहायक स्तर पाचौं | सहायक स्तर पाचौं | अधिकृत | अधिकृत स्तर छैठौं |
| २ | मयाराम शर्मा | सव इन्जिनियर | सहायक स्तर पाचौं | अधिकृत (ई.) | अधिकृत स्तर छैठौं |
| ३ | किशोर कँडेल | सव इन्जिनियर | सहायक स्तर पाचौं | अधिकृत (ई.) | अधिकृत स्तर छैठौं |
| | **तह ४ वाट ५ मा स्तर वृद्धिहुने कर्मचारीको विवरण** | | | | |
| १ | गंगा सागर श्रेष्ठ | सहायक स्तर चौथो | सहायक स्तर चौथो | सहायक | सहायक स्तर पाचौं |
| २ | दिनेश कुमार पुरी | सव ओभरसियर | सहायक स्तर चौथो | सहायक (ई.) | सहायक स्तर पाचौं |
| ३ | प्रशुराम तिवारी | प्राविधिक सहायक | सहायक स्तर चौथो | सहायक (ई.) | सहायक स्तर पाचौं |
| ४ | राम चन्द्र गौतम | प्राविधिक सहायक | सहायक स्तर चौथो | सहायक (ई.) | सहायक स्तर पाचौं |

स्तर वृद्धिहुने कर्मचारीहरुको एकिकृत विवरण र व्ययभार

| क्र स | विवरण | संख्या | मासिक | वार्षिक |
|---|---|---|---|---|
| १ | तह ७ वाट ८ मा जाने | १ | ० | ० |
| २ | तह ६ वाट ७ मा जाने | ३ | ० | ० |
| ३ | तह ५ वाट ६ मा जाने | २१ | ९६५५० | ११५८६०० |
| ४ | तह ४ वाट ५ मा जाने | १६ | ० | ० |
| | जम्मा | ४१ | ९६५५० | ११५८६०० |

देव कुमार सुवेदी
नगर प्रमुख

Scanned with CamScanner

(ख) उपरोक्त अनुसार स्तर वृद्धि हुने कर्मचारीहरुको वीरेन्द्रनगर नगरपालिकाको स्थानीय सेवा ऐन (प्रथम संशोधन),२०७७ बमोजिम प्रोत्साहन ग्रेड तथा तलब स्केल मिलान गरी स्तर वृद्धि भएको तहको सेवा सुविधा स्तर वृद्धि मिति देखि उपलब्ध गराईनेछ ।

(ग) यसरी एकै मितिमा स्तर वृद्धि पश्चात वरिष्ठता कायम गर्दा देहाय बमोजिम हुने गरी योग्यताक्रम कायम गरिने छ ।

**देहाय**

१. हालको स्तर तहको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता पूरा गरेको

२. हालको स्तर तह भन्दा तल्लो तहको लागि न्यूनतम शैक्षिक योग्यता पूरा गरेको

३. स्थानीय सेवा ऐन (प्रथम संशोधन),२०७७ दफा (३१) बमोजिम स्तर वृद्धि भएको

४. सबै मापदण्ड बराबर भएमा तल्लो स्तर वा तहको नियुक्तिको जेष्ठता

**निर्णय नं. ३.** कोभिड ब्यवस्थापन तथा नगर अस्पताल सम्बन्धमा देहाय बमोजिम गर्नेः

(क) नगरपालिकाले गत आर्थिक वर्षको असार मसान्त सम्म कोभिड १९ को रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि प्रवर्धनात्मक, प्रतिकारात्मक तथा उपचारात्मक सेवा सम्बन्धी भए गरेका सम्पूर्ण कार्यहरुको विस्तृत प्रतिवेदन आजको बैठकमा पेश भयो ।

ख) नगरपालिकाले आफ्नै नगर अस्पताल र एम्बुलेन्स संचालन तथा व्यवस्थापनका लागि सेवा शुल्क निर्धारण, संचालन कार्य प्रक्रिया, खर्च ब्यवस्थापन, अस्पतालबाट हुने एम्बुलेन्स संचालन, स्पतालको संगठन व्यवस्थापन लगायतको विषय समेतलाई समावेश गर्दै एक कार्यविधि तयार गरी मस्यौदा सहितको प्रस्ताव अर्को बैठकमा पेश गर्ने गरी सामाजिक विकास समितिलाई जिम्मा दिने ।

ग) अस्पताल संचालनको कार्यविधि तयार नहोउन्जेल सम्मको लागि उक्त अस्पताल संचालन गर्न निम्नानुसार गर्नेः

१. अस्पताललाई जनरल अस्पतालको रुपमा संचालन गर्न तत्काल २ जना मेडिकल अधिकृत (आठौं) तह न्यूनतम् शैक्षिक योग्यता MBBS भएको अस्थायी पूर्णकालीन दरबन्दी सिर्जना गरी माथिल्लो शैक्षिक योग्यता भएकालाई विशेष प्राथमिकता दिने गरी भर्ना छनौट गर्न नगरपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७७ बमोजिम छनौट कार्य तत्काल कार्यालयले अगाडि बढाउने ।

२. प्रकरण (१) बमोजिम चिकित्सकका अलावा उक्त अस्पतालमा महिला तथा प्रसुतीको विशेषज्ञ सेवा उपलब्ध हुने गरि अस्पतालमा विशेषज्ञ चिकित्सकलाई निश्चित समय निर्धारण गरी सेवा खरिद गर्ने ।

३. नगरपालिकाको संचालनमा रहेको एम्बुलेन्स नगर अस्पतालबाटै संचालन गर्ने । यसरी संचालन गर्दा वीरेन्द्रनगरका नियमित गर्भजाँच (ANC) गरेका सुत्केरी हुन आउने महिलाका लागि नि शुल्क सेवा प्रदान गर्नुका साथै अन्य विरामीको हकमा नियमानुसा सःशुल्क सेवा उपलब्ध गराउने ।

४. खार्पुनाथ गाउँपालिका हुम्लाले यस नगरपालिकालाई उपलब्ध गराएको एम्बुलेन्स प्रचलित नियमानुसार संचालन तथा व्यवस्थापन गर्न सरकारी तथा संस्थान सवारी चालक एशोसियसन, कर्णाली प्रदेशलाई जिम्मा दिने । सो एम्बुलेन्सबाट वीरेन्द्रनगर नगरपालिका र खार्पुनाथ गाउँपालिकाका बासिन्दाहरुलाई १० प्रतिशत छुटको सुविधा उपलब्ध गराई सेवा उपलब्ध गराउने ।

(घ) वडा नम्बर ६ को जनस्वास्थ्य तर्फको कार्य समेत नगर अस्पतालबाट संचालन गर्ने र यसअघि खटाईएका स्वास्थ्यकर्मीहरुलाई सोही अस्पतालमा कार्य गर्ने गरी जिम्मेवारी तोक्ने । साथै वडा नम्बर ७ को स्वास्थ्य संस्था संचालनको लागि नगर विकास समितिको वडा नम्बर ७ मा रहेको भवन मर्मत सम्भार गरी प्रयोग गर्न नगरविकास समितिलाई अनुरोध गरी व्यवस्थापन गर्ने ।

(ङ) नगरपालिकाले चालु आर्थिक वर्षको श्रावण १ गतेदेखि कोभिड परीक्षण तथा कोभिड विरुद्धको खोप कार्यलाई निरन्तरता दिने । सो का लागि कोभिड परीक्षणको स्वाब संकलनमा खटिने ल्यावतर्फको बाह्य जनशक्तिलाई साविक बमोजिमको सेवा सुविधा उपलब्ध गराउने र सो कार्य कार्यालय समयमै ब्यवस्थापन गरी अन्य खर्च न्यूनीकरण गर्ने । तत्काल आवश्यक पर्ने परीक्षण सामग्री, स्वास्थ्य सामग्री र खाजा लगायतको संचालन खर्च चालु आर्थिक वर्षको कोभिड तथा नगर अस्पताल ब्यवस्थापन शीर्षकबाट बढिमा १० लाख हुने गरी कार्यालयले खर्च ब्यवस्थापन गर्ने ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

देव कुमार सुवेदी
नगर प्रमुख

Scanned with CamScanner

**निर्णय नं. ४.** कोभिड नगरपालिकाको स्वास्थ्य सेवा नियमावली २०७७ को दफा (५१) बमोजिमको अनुगमन समितिको मिति २०७८।०४।१३ गतेको प्रतिवेदनका आधारमा देहायका क्लिनिकलाई स्वास्थ्य सेवा स्थापना/ संचालन/ नविकरण तथा स्तरोन्नतिको लागि अनुमति प्रदान गर्ने ।

| क्र स | स्वास्थ्य संस्थाको नाम | ठेगाना | वर्गिकरण | अनुमति |
|---|---|---|---|---|
| १ | वीरेन्द्रनगर नगर अस्पताल | वी न पा ७ | १५ सेयाको अस्पताल | संचालन अनुमति |
| २ | मालिका प्याथोलोजी क्लिनिक | वी न पा ५ | E वर्गको ल्याब सेवा | नयाँ अनुमति |
| ३ | कोपिला भ्याली स्वास्थ्य क्लिनिक | वी न पा १ | स्वास्थ्य क्लिनिक | नयाँ अनुमति |
| ४ | नवीन हेल्थ केयर एण्ड प्याथोलोजी क्लिनिक | वी न पा ४ | स्वास्थ्य क्लिनिक र E वर्गको ल्याब सेवा | नयाँ अनुमति |
| ५ | कर्णाली भेरी स्वस्थ्य प्रयोगशाला | वी न पा १ | E वर्गको ल्याब सेवा | नविकरण |
| ६ | बुलबुले प्याथोलोजी क्लिनिक | वी न पा ३ | E वर्गको ल्याब सेवा | नयाँ अनुमति |
| ७ | सुर्खेत अस्पताल | वी न पा ३ | १५ सेयाको अस्पताल | नविकरण |
| ८ | शुभलक्ष्मी अस्पताल प्याथोलोजी सेवा | वी न पा ८ | D वर्गको ल्याब सेवा | नयाँ अनुमति |

**निर्णय नं. ५.** वीरेन्द्रनगर नगरपालिकाको गत आर्थिक वर्ष २०७७।०७८ मा भए गरेका गतिविधिहरुको वार्षिक समिक्षा मिति २०७८ श्रावण २९ र ३० गते गर्ने गरि सो का लागि वडा कार्यालय तथा विषयगत शाखाहरुले आ आफ्नो सेवा क्षेत्रका सरोकारवालाहरु सँग श्रावण २५ गते भित्र समिक्षा गरि सो को प्रतिवेदन योजना शाखामा तोकिएको ढाँचामा पेश गर्ने ।

**निर्णय नं. ६.** रोलर (निर्माण दल) संचालन / व्यवस्थापन सम्बन्धमा आगामी बैठकमा पूर्वाधार विकास समिति मार्फत विस्तृत विवरण सहितको प्रतिवेदन पेश गरि आवश्यक निर्णय गर्ने ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

देव कुमार सुवेदी
नगर प्रमुख

Scanned with CamScanner

**निर्णय नं. ७.** यस नगरपालिकावाट मिति २०७८ आषाढ १७ गते प्रकाशित फोहरमैला व्यवस्थापन प्रस्ताव आव्हान सम्बन्धी सूचना बमोजिम विभिन्न क्लष्टरका लागि पर्न आएका ६ वटा फर्मका प्रस्तावहरुलाई क्लष्टर अनुसार भिन्ना भिन्ने प्रत्येक फर्मवाट पेश भएका आर्थिक तथा प्राविधिक प्रस्ताव मूल्यांकन गरि मूल्यांकन समिति बाट तयार गरिएको विवरण तथा सुझाव आजको वैठकमा पेश भई छलफल गरियो ।

मूल्यांकन समितिवाट पेश भएका सुझावलाई समावेश गर्दै ७ दिने आशयपत्र जारी गर्नुका साथै सम्वन्धित क्लष्टर भित्रका वडा अध्यक्षहरुको रोहवरमा स्थलगत अनुगमन/मूल्यांकन गरि देहायका प्रावधानहरुलाई अनिवार्य शर्तका रुपमा समावेश गर्दै सो पुरा भएको अवस्था एकिन गरि मात्र सम्बन्धित फर्म सँग सम्झौता गर्न कार्यालयलाई जिम्मेवारी दिने ।

**देहाय**

- प्रति कलष्टर फोहरमैला बोक्न मिल्ने गरि तयार गरिएको कम्तिमा ३ वटा ट्रली भएका सरसफाई साधन भएको हुनुपर्ने।
- सरसफाई सेवा शुल्क संकलनका लागि सफ्टवेयर, कम्प्युटरको व्यवस्था सहित प्रति कलष्टर कम्तिमा २ जना जनशक्ति सहितको कार्यालय व्यवस्थापन भएको हुनुपर्ने।
- कलष्टर १,२ र ३ का लागि क्रमश रु.५२५,०००। रु.७,९५,०००। र रु.५,९०,०००। बराबरको नगद धरौटी वा कम्तिमा ३७ महिनाको बैंक ग्यारेन्टी अनिवार्य भएको हुनुपर्ने।
- क्लष्टर क्षेत्रमा फोहर ब्यवस्थापन गर्ने कामदारहरुको सुनिश्चितता भएको हुनुपर्ने।
- मूल्यांकनको क्रममा प्रथम भएको प्रस्तावकले प्राविधिक रुपमा स्थलगत प्रमाण जुटाउन नसकेमा सोही क्लष्टरको दोस्रो प्रस्तावकलाई ७ दिनको म्याद दिई उपरोक्त अवस्था स्थलगत निरीक्षण गरी क्रमश गर्ने ।

**निर्णय नं. ८.** (क) यस नगरपालिकाको आर्थिक वर्ष २०७७।०७८ को जिन्सि निरिक्षण प्रतिवेदन बाट लिलाम गर्नुपर्ने भनि औल्याईएका विभिन्न सवारी साधन, फर्निचर तथा ईलेक्ट्रोनिक मालसामानहरु लिलाम गर्नका लागि मिति २०७८।०४।१५ गतेको सार्वजनिक सेवा तथा क्षमता विकास समिति समेतबाट सिफारिस भई आएका सामाग्रिहरुको लिलाम प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देश गर्ने ।

(ख) उल्लेखित सन्दर्भमा नगरपालिकाका सबै वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा गत विगत वर्षहरु देखि प्रयोगमा नआएका जिन्सी सामाग्रीहरु समेत जिन्सी निरिक्षण गरी /गराई जिन्सी लिलाम गर्ने ।

(ग) नगरपालिका वा अन्तर्गतका वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा गत विगत वर्ष देखी प्रयोगमा नरहेका पुराना सरकारी कागजातहरुले कार्यालयको अभिलेख व्यवस्थापनमा असहजता आएकाले सरकारी कागज धुल्याउने नियम बमोजिम धुल्याउनका लागि विवरण तयार गरि प्रतिवेदन गर्न कार्यालयलाई निर्देश गर्ने ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

दिव कुमार सुवेदी

Scanned with CamScanner